नेपाल सरकार

# राष्ट्रिय परीक्षा बोर्ड

शाखा कार्यालय, लहान, सिरहा

पत्र संख्या :- ०८३/८४
च. नं. :- ११३

मिति :- २०८३/०५/१०

श्रीमान प्रधानाध्यापकज्यू,
सम्पूर्ण माध्यमिक विद्यालयहरू ।

विषयः विषय परिवर्तन गराउने सम्बन्धमा।

उपरोक्त विषयमा कक्षा ११ मा विषय छनोट गर्दा अनिवार्य विषयतर्फ Social Studies and Life Skill Education (००५१) लिएका विद्यार्थीले सोही पाठ्यक्रमकै सामाजिक अध्ययन (४४७१) विषय तथा अनिवार्य गणित (००७१) लिएका विद्यार्थीले सोही पाठ्यक्रमकै गणित (४०११) विषय छनोट गर्न नपाउने व्यवस्था रहेको व्यहोरा विदितै छ ।

तर, आर्थिक वर्ष २०८२/०८३ मा कक्षा ११ को रजिष्ट्रेसन विवरण परीक्षण गर्दा केही विद्यार्थीहरूले उल्लिखित व्यवस्था विपरीत माथि उल्लेखित दुवै विषयहरू छनोट गरी विषय दर्ता गराएको देखिएको छ । यसरी विषय छनोटको मर्म र प्रचलित व्यवस्थाविपरीत विषय दर्ता भएका विद्यार्थीहरूको हकमा दुई विषयमध्ये एक विषय अनिवार्य रूपमा परिवर्तन गर्नु पर्ने देखिएको छ ।

अतः उल्लेखित अवस्था अनुसार तपाईंको विद्यालयका विद्यार्थीहरूले विषय दर्ता गराएको पाइएमा, सम्बन्धित विद्यार्थीहरूको विषय तत्काल परिवर्तन गराई परिवर्तन गरिएको विषयको विवरण प्रमाणित गरी यथाशीघ्र यस शाखा कार्यालयमा उपलब्ध गराइदिनुहुन अनुरोध छ।

२०८३/०५/१०

किशोर निरौला
शाखा अधिकृत

शाखा अधिकृत

फोन नं. ०३३-५६५४१३, फोन नं./फ्याक्स : ०३३-५६५१२७, ईमेल : lahan@neb.gov.np, वेबसाईट :www.neb.gov.np

Scanned with CamScanner